**<u>नगर कार्यपालिकाको मिति २०७४।०६।०१ को बैठकका प्रस्ताव तथा निर्णयहरु :</u>**

१) रिपोर्टिङ

२) चालु आ.व.को बजेट तथा योजना तर्जुमा तथा वडास्तरीय बजेट सिलिङको विषयमा थप स्पष्टता सम्बन्धमा ।

३) चालु आ.व.मा नगरपालिकाले निर्धारण गर्ने राजस्व तथा करका दररेट सम्बन्धमा ।

४) विविध

(क) सार्वजनिक तथा अन्य स्वामित्वको जग्गा नगरपालिकाको नाममा कायम गर्ने सम्बन्धमा ।
(ख) दशैको अवसरमा केहि महत्वपूर्ण सडकहरु मर्मत गरी सुचारु गर्ने सम्बन्धमा ।
(ग) दशै विशेष बजार अनुगमन तथा निरिक्षण गर्ने सम्बन्धमा ।
(घ) सफ्टवेयर जडान र सञ्चालन गर्ने सम्बन्धमा ।
(ङ) बैठक भत्ता निर्धारण गर्ने सम्बन्धमा ।
(च) करार तथा ज्यालादारी कर्मचारीको तलव भत्ता व्यवस्था गर्ने सम्बन्धमा ।
(छ) आवधिक नगर विकास योजना तर्जुमाका लागि परामर्शदायी अन्तरक्रिया सम्बन्धमा
(ज) सडक सर्भे डिजाईन सम्बन्धमा ।

**<u>निर्णयहरु :</u>**

- रुपाकोट मझुवागढी नगर कार्यपालिकाका सदस्य श्री माया शेर्पाका ममतामयी सासु आमा श्री  को मिति २०७४।०५।३१ गते असामयिक निधन भएको हुँदा स्वर्गीय  को आत्माको चिरशान्तिको कामना एवम् शोकसन्तप्त परिवारजन प्रति गहिरो समवेदना प्रकट गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल हुँदा सबै वडा कार्यालयबाट भए गरेका काम कार्वाही र सेवा प्रवाहको विषयमा सम्बन्धित वडा अध्यक्षहरुद्वारा कार्य सम्पादन प्रतिवेदन (रिपोर्टिङ) प्रस्तुत भयो । यस अवधिमा चालु आ.व.को योजना तथा कार्यक्रम प्राथमिकिकरणका लागि बस्ति/टोल तथा वडा भेला, व्यक्तिगत घटना दर्ता, सिफारिस, अनुगमन तथा निरिक्षण र कार्यालय सञ्चालन लगायतका विषयमा प्रतिवेदन पेश भयो । नगरपालिकाको आवधिक नगर विकास योजना तर्जुमा गर्नका लागि सर्वदलीय/सर्वपक्षीय छलफल र स्वीस मिसनसंग भेटवार्ता, वडा नं. १२ जालपामा प्रसुति सेवा केन्द्र उद्घाटन, जालपा ऐसेलुखर्क सडक

निरिक्षण, दिक्तेल बजार क्षेत्रको सडक, नाली व्यवस्थापनको सर्भे डिजाईनका लागि अन्तरक्रिया लगायतका कार्यहरु गरिएको प्रतिवेदन नगर प्रमूखबाट बैठकमा प्रस्तुत भयो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल हुँदा चालु आ.व. २०७४।०७५ को लागि यस नगरपालिकाको बजेट तथा योजना तर्जुमा गर्नका लागि क्षेत्रगत रुपमा सन्तुलित बजेट बनाउने तथा वडास्तरीय बजेट सिलिङको विषयमा उठेका विभिन्न टिप्पणी तथा जिज्ञासाहरुमा नगर प्रमुखबाट स्पष्ट पार्ने कार्य भयो । साथै बजेट सिलिङभित्र रहेर वडाले छनौट गरेका आयोजना तथा कार्यक्रमहरु हुबहु लागू गर्ने र वडामा सञ्चालन हुने आयोजना तथा कार्यक्रमको हकमा वडाबाट प्राथमिकिकरण भई आएका आयोजना तथा कार्यक्रमहरुका लागि मात्र नगरपालिकाले चालु आ.व.को बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ अन्तर्गत चालु आ.व.मा नगरपालिकाले निर्धारण गर्ने राजस्व तथा करका दररेट सम्बन्धमा छलफल हुँदा साबिकमा दिक्तेल नगरपालिकाको नगर परिषदले निर्धारण गरे बमोजिमको राजस्व तथा करका दररेटमा नघट्नेगरी सबै कार्यपालिका सदस्यले सुझाव प्रतिक्रिया भए यहि असोज १० गतेभित्र राजस्व परामर्श समितिलाई उपलब्ध गराउने र सोको अध्ययन गरी राजस्व परामर्श समितिको सिफारिसमा नगरसभाले निर्धारण गरेको राजस्व तथा करका दररेटलाई नगरपालिका क्षेत्रभित्र एकरुपताका साथ लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ अन्तर्गत छलफल गर्दा निम्नानुसारका निर्णयहरु गरिए :

(क) यस नगरपालिका क्षेत्रभित्र रहेका सार्वजनिक, सरकारी तथा अन्य स्वामित्वको जग्गाको लगत संकलन गरी नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा सार्वजनिक निर्माण वा प्रयोगको प्रयोजनका लागि नगरपालिकाको कार्यालय तथा वडा कार्यालयको नाममा नियमानुसार कायम गर्ने निर्णय गरियो ।

(ख) नजिकिदै गरेको चाड दशै तिहारको अवसरमा यस नगरपालिकाभित्रको सवारी अवागमनलाई सुचारु गर्न निम्नानुसारका महत्वपूर्ण सडकहरु तत्काल मर्मत गरी सुचारु गर्ने निर्णय गरियो ।

- हुर्लुङ जालपा ऐसेलुखर्क सडक
- सोल्माबाट पाथेका जाने सडक
- सोल्माबाट खार्मी जाने सडक
- सोल्या नेर्पा पञ्चमी जाने सडक
- अस्पताल चोकदेखि लफ्याङ हुँदै मात्तिम जाने सडक
- बैंकचोकदेखि खानिडाडा हुँदै ल्याण्डफिल जाने सडक
- पञ्चे दोवाटोबाट १५ नं. वडा कार्यालय जाने सडक
- अल्छेढुँगाबाट आचार्य गाउ बसपार्क सडक
- काहुलेबाट रतन्छा जाने सडक
- निर्मलीडाडा मध्यपहाडी लोकमार्गबाट अस्पताल जाने सडक
- पुरानो बैंकचोक हुँदै कटी कटहरे जाने सडक
- चुप्ला सिमेडाडा सडक
- पञ्चमी नेवारे सडक
- सन्तोषको घरबाट नरकटे जाने सडक
- पञ्चर दोवाटाबाट राम्चे सडक
- अदालत अस्पताल सडक

माथि उल्लिखित सडक मर्मत कार्य प्राविधिक स्टीमेट गरी लागत स्टिमेट बमोजिमको एकमुष्ट रकम नगर कार्यपालिकाको कार्यालयले सम्बन्धित वडा कार्यालयलाई निकाशा दिने निर्णय गरियो ।

(ग) नजिकिदै गरेको चाडपर्व दशै तिहारमा उपभोग हुने दैनिक उपभोग्य बस्तु तथा सेवाको अनियमित, अवैधानिक र कालो बजारलाई नियन्त्रण, सडक पेटीमा व्यापारिक समाग्री राखी अवरोध पुचाउनेलाई नियन्त्रण गर्ने, उपभोग्य बस्तु तथा सेवाको गुणस्तरियता, पर्याप्तता र उपलब्धतालाई सहज, सरल र सुपथ बनाउनका लागि वडा कार्यालयले सम्बन्धित वडास्थित बजार र नगर कार्यपालिकाको कार्यालयले समग्र बजारको अनुगमन तथा निरिक्षण गर्ने निर्णय गरियो ।

(घ) वडा कार्यालयबाट सञ्चालन गरिने सेवालाई छिटो छरितो, सहज र कम्प्यूटरकृत गर्नका लागि नगर कार्यपालिकाको कार्यालयले सबै वडा कार्यालयहरुमा कम्प्यूटर, प्रिन्टर, फोटोकपी मेसिन, ईन्टरनेट र व्याकअपको व्यवस्था गर्ने । साथै सफ्टवेयरको माध्यमबाट राजस्व कर असुली र सामाजिक सुरक्षा भत्ता वितरण प्रकृयालाई सञ्चालन गर्न नगर कार्यपालिकाको कार्यालयले सबै वडा कार्यालयहरुमा सफ्टवेयर जडान गरी वडा कार्यालयले सञ्चालन गर्ने निर्णय गरियो ।

(ङ) अन्यथा व्यवस्था नभएसम्मका लागि प्रचलित कानुन बमोजिम नगरसभा र नगर कार्यपालिकाको बैठकमा सहभागी भए बापत रु. १५००। (पन्ध्र सय) र कानुन बमोजिम गठित नगरस्तरीय समिति तथा वडा समितिको बैठकमा सहभागी भए बापत रु १०००। (एक हजार) को दरमा नियमानुसार कर कट्टी गरी बैठक भत्ता उपलब्ध गराउने निर्णय गरियो । साथै यो निर्णय गर्नु अघि भुक्तानी गरिएका बैठक भत्ता यसै निर्णय बमोजिम भएको मानिने निर्णय समेत गरियो ।

(च) नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुमा साविकमा नियुक्ती पाई हालसम्म अविछिन्न रुपमा कार्यरत ज्यालादारी र करारका कर्मचारीहरुलाई अर्को व्यवस्था नभएसम्मका लागि निजहरुले खाईपाई आएको तलव भत्तामा नबढ्ने गरी तलव भत्ता उपलब्ध गराउने गरी निज कर्मचारीहरुलाई नै निरन्तरता दिने निर्णय गरियो । साथै वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको हकमा नगर कार्यपालिकाको कार्यालयले त्यस्ता कर्मचारीहरुको हालसम्मको तलव भत्ता बापतको रकम एकिन गरी वडा कार्यालयको खर्च खातामा एकमुष्ट निकासा दिने निर्णय गरियो ।

(छ) रुपाकोट मझुवागढी नगरपालिकाको आवधिक नगर विकास योजना तर्जुमा गर्नका लागि यहि मिति २०७४।०६।०५ गते काठमाण्डौमा परामर्शदायी अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने, उक्त कार्यक्रममा नगर कार्यपालिकाका सम्पूर्ण सदस्यहरु उपस्थित हुने र सोका लागि काठमाण्डौ आउने जाने सवारी साधनको व्यवस्था नगर कार्यपालिकाको कार्यालयले गर्ने निर्णय गरियो ।

(ज) रुपाकोट मझुवागढी नगरपालिका वडा नं. १ स्थित अस्पतालचोकदेखि बसपार्कसम्मको सडक तथा नाली निर्माणका लागि सर्भे तथा डिजाईन गर्न सहरी विकास डिभिजन कार्यालय, गाईघाट, उदयपुरलाई सिफारिस साथ अनुरोध गर्ने निर्णय गरियो ।